मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: dadorautahat@gmail.com
Website: ackrautahat.p2.gov.np
Phone: 055-520001, 055-521519
FB: facebook.com/akc.rauatahat

## स्यालो टयुवेल जडान कार्यक्रममा सुचिकरण तथा शिलबन्दी दररेट पेश गर्न आह्वान सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मिति:२०८०।०१।२१)

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व.२०७९।०८० को स्विकृत वार्षिक कार्यक्रम अनुसार स्यालो टयुवेल जडान गर्ने कार्यक्रम रहेको हुदाँ यस रौतहट जिल्लाका कृषक, कृषक समुह, सहकारी, उपभोक्ता समिति, निजी फर्म आदिको साझेदारीमा स्यालो टयुवेल जडान कार्य गराउन खनाई (ड्रिलिङ्ग) खर्च सहितको आवश्यक पर्ने सम्पुर्ण फिटिङ्ग सामाग्रीहरु सहितको दररेट पेश गर्न यो सुचना प्रकाशित भएको मितिले ७ दिन अर्थात (मिति २०८०।०१।२७ गते सम्म) तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही ईच्छुक ईजाजत प्राप्त संस्था/फर्म/कम्पनीबाट सुचीकृत हुनका लागि साथै शिलबन्दी दररेट पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. सुचिकृत सम्बन्धी निवेदनको साथमा आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाण पत्र, कारोबार गर्नको लागि प्रदान गरीएको इजाजत पत्र, स्थायी लेखा नम्बर (पान नं.) वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नुपर्ने छ ।

२. आपूर्तिकर्ताले दररेट पेश गरेको सामग्रीहरुको उपलब्ध हुन सक्ने जतिको म्यानुअल/क्याटलगहरुको फोटोकपी तथा यस केन्द्रले उपलब्ध गराउने ढाँचा फर्मेट प्रस्तावित प्राविधिक स्पेशिफिकेशन सहित र खनाई तथा जडान खर्च पूर्णरुपले तयार गरी शिलबन्दी दाता वा निजको प्रतिनिधि उपस्थित भई अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

३. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन, सो दिन विदा परेमा कार्यालय खुल्ने पहिलो दिन कार्यालय समयभित्र शिलबन्दी दाता वा निजको प्रतिनिधिले रु. १० को टिकट टाँस गरिएको निवेदन पेश गर्नुपर्नेछ ।

४. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिन सो दिन विदा परेमा कार्यालय खुल्ने पहिलो दिन दिनको १२ बजे पेश हुन आएका शिलबन्दी दररेटहरु खोलिनेछ ।

५. यस सुचना मा उल्लेख भए बमोजिम नभएको र रित नपुगेको म्याद, नाघी प्राप्त भएको कुनै शर्त राखेको दस्तखत छाप नभएको तथा तोकिए बमोजिम नभएको दररेट उपर कुनै कारवाही गरिने छैन ।

६. शिलबन्दी दररेट पत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर शिलबन्दी दाताको दर्ताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा ईमेल उल्लेख गर्नुपर्नेछ ।

७. दररेट स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै छुट भएको थप अन्य आवश्यक कागजातहरु माँग गर्न सकिनेछ ।

८. यस सुचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ व्यहोराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

९. बैंकहरुबाट जारी भएका न्युनत्तम एक वर्ष म्याद भएको कम्तिमा रु.९००००००।- (अक्षरेपी नव्वे लाख) को २ प्रतिशतले हुन आउने रकम रु.१८००००।-(अक्षरेपी एक लाख असी हजार मात्र) यस केन्द्रको नाममा जारि भएको कार्य सम्पादन सक्कल बैंक ग्यारेन्टीको (कार्यालय कोड नं.: ३१२०१२००१२) सक्कल प्रमाण पत्र ।

नोट : दररेटमा एक सेटमा लाग्ने सम्पुर्ण सामाग्रीहरुको दर रहेको र स्यालो टयुवेल जडान हुने थान वा संख्या यस केन्द्रको आ.व.२०७९।०८० को स्यालो टयुवेल कार्यक्रमको लागि स्वीकृत बजेट र माँग संख्यामा निहित हुनेछ ।

थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०५५-५२१५१९ वा यस कार्यालयको वेवसाईट **akcrautahat.p2.gov.np** मा लगईन गर्नसकिनेछ ।

नि. कार्यालय प्रमुख